# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०६।२२ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

भेरी अस्पताल, बाँकेमा कार्यरत कम्प्यूटर अपरेटर अरूण राज खनालले विभिन्न फर्म तथा पसलेहरूबाट लिएको कमिशन बापतको रकम र चेकसमेत आफ्नो कार्यकक्षमा राखेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिगएको टोलीले निज कम्प्यूटर अपरेटर अरूण राज खनाललाई रू.१६,१३,९७५/- (सोह्र लाख तेह्र हजार नौ सय पचहत्तर) स्रोत नखुलेको नगद रकम निजकै कार्यकक्षमा राखेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा भेरी अस्पताल, नेपालगंजका लेखा अधिकृत माधव प्रसाद आचार्य, कम्प्युटर अप्रेटर अरूणराज खनाल, लेखापाल ईन्द्र बहादुर खत्री र सहलेखापाल प्रेम बहादुर खत्रीसमेतको योजना र मिलेमतोमा भेरी अस्पताल, नेपालगंजमा आर्थिक बर्ष ०७६/०७७ को लागि सेवा प्रदायक फर्म तथा पसलहरूबाट जम्मा रु.१९,१३,०७०।—(उन्नाईस लाख तेह्र हजार सत्तरी) बराबरको नगद र जिन्सी रिसवत एवं कमिशन लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ६ बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि भएको हुँदा निज **माधव प्रसाद आचार्य, अरूणराज खनाल, ईन्द्र बहादुर खत्री र प्रेम बहादुर खत्री**लाई **बिगो रु.१९,१३,०७०।- (उन्नाईस लाख तेह्र हजार सत्तरी रुपैयाँ)** कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय हुन र बरामद नगद रु.१६,१३,९७५।- (सोह्र लाख तेह्र हजार नौ सय पचहतर), बरामदी मुचुल्का तथा निवेदनसाथ दाखिला भएका रू.१,६६,५००।- (एक लाख छैसठ्ठी हजार) मूल्यका मोवाईल थान तीनसमेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जफत हुन र अपुग बिगो रु.१,३२,५९५।—(एक लाख बत्तीस हजार पाँच सय पन्चानब्बे) सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन समेत मागदाबी लिइएको छ ।

साथै भेरी अस्पताल नेपालगन्ज, बाँकेका कम्प्युटर अप्रेटर अरूणराज खनाल, लेखापाल ईन्द्र बहादुर खत्री र सहलेखापाल प्रेम बहादुर खत्रीलाई निम्न संचालकहरुले घुस/रिसवत उपलब्ध गराएको देखिंदा देहायनुसारको कसूरमा सजाय हुन समेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**निम्न:**

| सि.नं. | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | संचालक/ व्यवस्थापन साहिद हुसैन हलवाई | नेपाल स्टोर नेपालगञ्ज | रु.२०,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय मागदाबी लिइएको छ । |
| २. | संचालक/व्यवस्थापन पुर्णिमा भण्डारी | श्री लुम्विनी स्टेसनरी नेपालगञ्ज | रु.४५०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय मागदाबी लिइएको छ । |
| ३. | संचालक/ व्यवस्थापन दिपेन्द्र अग्रवाल | श्री कमला ईन्टरनेशनल तथा कृष्णा ईन्टरनेशनल | रु.३६,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय मागदाबी लिइएको छ । |

| | | | | |
|---|---|---|---|---|
| ४. | संचालक/व्यवस्थापन राजेन्द्र कुमार सोनी | श्री हनुमत स्टेसनरी एण्ड अडरसप्लायर्स नेपालगञ्ज | रु.९९,६००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय मागदाबी लिइएको छ । |
| ५. | संचालक/ व्यवस्थापन सुदिप रिजाल | रिजाल ईन्फोसिस बाँके खजुरा | रु.६०,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय मागदाबी लिइएको छ । |
| ६. | संचालक/ व्यवस्थापन ईजामुद्दिन खाँ | रोशनी स्टिल फर्निचर उद्योग नेपालगञ्ज | रु.६०,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय मागदाबी लिइएको छ । |
| ७. | संचालक/ व्यवस्थापन अब्दुल अली अन्सारी | रुवी ईलेक्ट्रिकल सप्लायर्स नेपालगञ्ज | रु.५६,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय मागदाबी लिइएको छ । |
| ८. | संचालक/ व्यवस्थापन पंकज कुमार श्रेष्ठ | अम्बे फर्निसिङ्ग गार्डेन नेपालगञ्ज | रु.६१,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय मागदाबी लिइएको छ । |
| ९. | संचालक/ व्यवस्थापन ज्ञान बहादुर वली | बागेश्वरी विज्ञापन सेवा | रु. ९६,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय मागदाबी लिइएको छ । |
| १०. | संचालक/ व्यवस्थापन कमालुद्दिन मुकेरी | न्यु निजाम स्टोर नेपालगञ्ज | रु.१,६१,५००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय मागदाबी लिइएको छ । |
| ११. | संचालक/ व्यवस्थापन अबनिश कुमार अग्रवाल | ओसियन ईन्टरनेश्नल तथा पश्चिमान्चल डिस्ट्रिब्यूटर नेपालगञ्ज | रु.१,१८,६००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय मागदाबी लिइएको छ । |

प्रवक्ता
तारानाथ अधिकारी